# अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका,२०७३

एक विश्लेषण

## फ्रिडम फोरम

थापाथली, काठमाण्डौं

फो नं: ४१०२०२२/४१०२०३०

**Email: info@freedomforum.org.np**

# भूमिका

नेपाल सरकारले मिति २०७३।१२।०७ गते राजपत्रमा सूचना प्रकाशित गरी अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका २०७३ लागु गरेको छ। उक्त निर्देशिकाको प्रस्तावनामा अनलाइन सञ्चार माध्यमको दर्ता, नविकरण र संचालनलाई व्यवस्थित गर्न आवश्यक भएकोले सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारबाट सो निर्देशिका जारी गरिएको उल्लेख छ।

नेपाल सरकारले २०७३ जेष्ठ ३१ मा पनि यसै प्रकृतिको अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका २०७३ मन्त्रिपरिषदबाट पारित गरी लागु गरेको थियो। तथापी आम सञ्चारमाध्यम, नागरिक समाज, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ सस्थाहरुबाट उक्त निर्देशिकाले संविधानप्रदत्त आम सञ्चार अधिकार, विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार तथा सुचनाको अधिकार उल्लंघन भएको भनि गरिएको व्यापक विरोधका कारण सरकारले उक्त निर्देशिकाको कार्यान्वयन रोकेको थियो।

हाल जारी गरिएको दोश्रो निर्देशिका उपर समेत सबै सरोकारवालाले बिरोध जनाईसकेका छन्। खासगरी संबिधानप्रदत्त व्यक्तिको अभिब्यक्ति स्वतन्त्रततालाई साँघुरो बनाउने र बिकास हुदै गरेका अनलाईन सञ्चारमाध्यमको अवरोधक बन्ने शैलीमा यो निर्देशिका आएको भन्ने सरोकारवालाको मत प्रकट भएको छ। क्षेत्राधिकार नै नभएको ऐनको प्रावधान प्रयोग गरी, आफुमा हुदै नभएको अधिकार प्रयोग गरी मन्त्रीपरिषदले यो निर्देशिका ल्याएको छ। त्यसैले संबिधान प्रदत्त बिचार तथा अभिब्यक्ति स्वतन्त्रता तथा यसका अन्तराष्ट्रिय मापदण्डका कसीमा जारी निर्देशिकाको समिक्षा गर्न आवश्यक ठानी फ्रिडम फोरमको बिज्ञ समुहद्धारा यो निर्देशिकाको समिक्षा तयार गरिएको हो।

**तारानाथ दाहाल**

**बैशाख २०७४**

# बिषय सूची पेज नं

**१.पृष्ठभुमि** **१**

**२.नेपालको संविधानमा अभिव्यक्ति स्वतन्त्रता तथा सञ्चारसम्बन्धि अधिकार** **१.**

**३. अभिव्यक्ति स्वतन्त्रताको अन्तर्राष्ट्रिय प्रत्याभूतिः** **२**

**४.निर्देशिकाको आधार** **५**

**५. निर्देशिकाका मुख्य व्यवस्था** **५**

**६.अनलाईन सञ्चारमाध्यम सञ्चालन निर्देशिका २०७३ का मुख्य प्रावधान विश्लेषण ६**

६.१. अनलाईन प्रत्रकारिता र अनलाईन समाचार माध्यमको परिभाषा ६

६.२. दर्तासम्बन्धी व्यवस्था ६

६.३. दर्ता प्रमाणपत्र ७

६.४. नविकरणसम्बन्धी व्यवस्था ८

६.५. प्रेस प्रतिनिधि परिचयपत्रसम्बन्धि व्यवस्था ९

६.६. प्रकाशित सामग्रीको जिम्मेवारी ९

६.७. प्रकाशित सामाग्री सुरक्षित राख्नुपर्ने दायित्व ९

६.८. त्रुटि सच्याउने दायित्व १०

६.९. सुविधा नदिइने सम्बन्धी व्यवस्था १०

६.१०. विदेशबाट प्रकाशित अनलाइन न्यूज पोर्टल र काउन्सिलको अधिकार ११

**७. नियमनको बहस** **१२**

**८. निष्कर्ष** **१२**

८.१.सञ्चारमाध्यममा नियमनका लागि गलत ऐनको प्रयोग १२

८.२. सबैधानीक प्रत्याभुति तथा अन्तराष्ट्रिय मापदण्ड विपरित १३

८.३. कार्यपालिकाद्वारा विधायिकी अधिकारको प्रयोग १३

८.४. दायरा सिमित गरिएको १३

८.५.दर्ता ब्यबस्था दोहोरो र बिषयगत मापदण्ड १३

८.६. अनिवार्य प्रेसप्रतिनिधि परिचयपत्रको संकुचित व्यवस्था १३

८.७. स्वनियन्त्रणमुखि प्राबधान १४
८.८. सरकारी सुविधाको लाभ नियन्त्रणमुखि १४
८.९. प्रेस काउन्सिल ऐनबमोजिम पाएको भन्दा ज्यादा प्राधिकार १४
८.१०.इन्टरनेटमा आधारित परिवर्तन नसमेटेको तथा ईन्टरनेट सेन्सरसिपमा बढावा दिएको १४
८.११ राष्ट्रिय आम सञ्चार निति प्रतिकुल प्राबधान १४

**९.सुझाव तथा भावी कदम १५**

**अनुसूची**

**अनुसूची १ अनलाईन सञ्चारमाध्यम सञ्चालन निर्देशिका**

# अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका २०७३: एक विश्लेषण

## १.पृष्ठभूमि

नेपाल राजपत्रमा सूचना प्रकाशित गरी  अनलाइन सञ्चार माध्यमको दर्ता, नवीकरण र सञ्चालनलाई व्यवस्थित गर्ने अभिप्रायले नेपाल सरकारले मिति २०७३।१२।०७ गते अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका २०७३ लागु गरेको छ ।अनलाइन सञ्चारमाध्यम ब्यवस्थित गर्न ल्याईइको भनिएको यो निर्देशिकाले सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ लाई यसको आधार मानेको छ ।

२०७३ जेष्ठ ३१ मा पनि सरकारले यस्तै प्रकृतिको अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका लागु गरेको थियो । तथापी उक्त निर्देशिकाले संविधानप्रदत्त आम सञ्चार तथा  विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार उल्लंघन भएको भन्दै व्यापक विरोध खेप्नु परेकोले सरकारले यसको कार्यान्वयन रोकेको थियो । पछिल्लो पटक सरकारले जारी गरेको निर्देशिकाले पहिलो निर्देशिकालाई खारेज गरेको छ ।

## २.नेपालको संविधानमा अभिव्यक्ति स्वतन्त्रता तथा सञ्चारसम्बन्धी अधिकार

नेपालको संविधानको धारा १७ (२)(क) मा “प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता हुने” उल्लेख गरिएको छ भने धारा १९ मा सञ्चारसम्बन्धि हकको व्यवस्था गरि यी हकहरूलाई मौलिक हकका रूपमा सुनिश्चित गरिएको छ ।

नेपालको संविधान धारा १९ मा संचार सम्बन्धी देहाय बमोजिमको हकको व्यवस्था गरिएकोछ ।

> *(१) विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन ।*
>
> *तर नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय इकाइबीचको सु-सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैंगिक भेदभावलाई दुरुत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।*
>
> *(२) कुनै श्रव्य, श्रव्यदृश्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापे बापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने छैन ।*

*तर यस उपधारामा लेखिएको कुनै कुराले रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापाखाना वा अन्य सञ्चार माध्यमको नियमन गर्न ऐन बनाउन बन्देज लगाएको मानिने छैन ।*

*(३) कानून बमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरुद्ध गरिने छैन ।*

उल्लेखित प्रावधानलाई हेर्दा आमसञ्चारसम्बन्धी धारा १९ का सबै व्यवस्थाहरूले विद्युतीय सञ्चार माध्यमलगायत सबै किसिमको सञ्चार माध्यमको संरक्षण सुनिश्चित गरेको छ भने र कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापेकै कारणले मात्र कुनै पनि सञ्चारमाध्यम बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गर्न नसकिने संबैधानिक प्रत्याभूतिसमेत सुनिश्चित गरेको छ । यसका साथै उपधारा ३ ले कानून बमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरुद्ध गरिने छैन भन्ने प्रत्याभूति गरेको छ ।

### **३. अभिव्यक्ति स्वतन्त्रताको अन्तर्राष्ट्रिय प्रत्याभूतिः**

मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रले मानवअधिकारका आधारभूत मापदण्डको रूपमा अभिव्यक्ति स्वतन्त्रतालाई समेटेको छ । जस अन्तर्गत प्रत्येक व्यक्तिलाई बिनाकुनै हस्तक्षेप आफ्नो विचार प्रकट गर्ने, आफूले चाहेको सूचना माग्ने, प्राप्त गर्ने तथा त्यस्तो सूचना कुनै माध्यमद्वारा विनावन्देज प्रसार गर्ने स्वतन्त्रता हुन्छ । घोषणापत्रको धारा १९ को व्यवस्थाअनुसार,

*'प्रत्येक व्यक्तिलाई विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार छ, यस अधिकारमा बिना कुनै हस्तक्षेप आफ्ना मत राख्ने र बिना रोकतोक, कुनै भौगोलिक सिमानाको अधिनमा नरही जुनसुकै सञ्चारमाध्यमद्वारा सूचना तथा विचार प्राप्त गर्ने, खोजी गर्ने र प्रसार गर्ने अधिकारसमेत समावेश छ ।'*

त्यसैगरी, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६ ले पनि अभिव्यक्ति स्वतन्त्रता प्रत्याभुत गरेको छ । यस अनुबन्धमा गरिएको व्यवस्था मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा रहेको व्यवस्था सरह नै रहेको छ । यस अनुवन्धको धारा १९ ले गरेको व्यवस्था अनुसार,

*(१)प्रत्येक व्यक्तिलाई बिनाकुनै हस्तक्षेप आफ्नो विचार राख्न पाउने अधिकार हुनेछ ।*

*(२) प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ, जसअन्तर्गत बिनाकुनै वन्देज वा सीमा आफूले चाहेको सूचना तथा विचार खोज्ने, प्राप्त गर्ने तथा त्यस्तो सूचना वा विचार मौखिक, लिखित वा मुद्रित रूपमा वा कलात्मकरूपमा वा आफ्नो छनौटको अन्य कुनै माध्यमद्वारा प्रसार गर्न पाउने स्वतन्त्रता हुनेछ ।*

धारा १९ को उपधारा ३ मा अभिव्यक्ति स्वतन्त्रता अधिकारको प्रयोगमा विशेष कर्तव्य तथा उत्तरदायित्वहरू समेत निहित हुने हुनाले यो अधिकारमा निश्चित अवस्थामा प्रतिबन्ध लगाइन सक्ने उल्लेख गरिएको छ । तर यस्ता प्रतिवन्धहरू कानूनद्वारा व्यवस्था गरिएको अवस्थामा (क) अरूको अधिकार वा प्रतिष्ठाको सम्मान, र (ख)

राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्था वा सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण का लागि मात्र लगाइन सक्ने उल्लेख छ ।

नेपालले मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ तथा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ लाई अनुमोदन गरेको छ । नेपाल सन्धी ऐन, २०४९ को दफा ९ ले नेपालद्वारा अनुमोदन भएका सन्धिहरूको व्यवस्था नेपाल कानून सरह लागु हुने व्यवस्था गर्दै प्रत्येक नेपाली नागरिकलाई यि अर्न्तराष्ट्रिय सयंन्त्रको संरक्षण प्रदान गरीनुपर्ने बाध्यात्मक व्यवस्था गरेको छ ।

इन्टरनेटमा अभिव्यक्ति स्वतन्त्रताका सम्बन्धमा संयुक्त राष्ट्र संघको मानव अधिकार समिती, विचार तथा अभिव्यक्ति सम्बन्धि विशेष समाधिक्षक लगायतले विभिन्न प्रतिवेदनमा स्पष्ट रूपमा उल्लेख गरेका छन् । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको आधिकारीक व्याख्याको रूपमा रहेको मानव अधिकार समितिको उक्त अनुबन्ध उपरको सामान्य टिप्पणी संख्या ३४ (General Comment No 34) ले धारा १९ अर्न्तगतको विचार तथा अभिव्यक्ति स्वतन्त्रताको व्याख्या गरेको छ । उक्त सामान्य टिप्पणीको परिच्छेद ४३ मा समीतीले निम्नानुसार उल्लेख गरेको छः

> *Any restrictions on the operation of websites, blogs or any other internet-based, electronic or other such information dissemination system, including systems to support such communication, such as internet service providers or search engines, are only permissible to the extent that they are compatible with paragraph 3[1]. Permissible restrictions generally should be content-specific; generic bans on the operation of certain sites and systems are not compatible with paragraph 3. It is also inconsistent with paragraph 3 to prohibit a site or an information dissemination system from publishing material solely on the basis that it may be critical of the government or the political social system espoused by the government. (General Comment No. 34, Article 19: Freedoms of opinion and expression, UN Human Rights Committee, available at http://www2.ohchr.org/english/bodies/hrc/docs/gc34.pdf)*

[1] Paragraph 3 expressly states that the exercise of the right to freedom of expression carries with it special duties and responsibilities. For this reason two limitative areas of restrictions on the right are permitted, which may relate either to respect of the rights or reputations of others or to the protection of national security or of public order (ordre public) or of public health or morals. However, when a State party imposes restrictions on the exercise of freedom of expression, these may not put in jeopardy the right itself. The Committee recalls that the relation between right and restriction and between norm and exception must not be reversed. The Committee also recalls the provisions of article 5, paragraph 1, of the Covenant according to which "nothing in the present Covenant may be interpreted as implying for any State, group or person any right to engage in any activity or perform any act aimed at the destruction of any of the rights and freedoms recognized herein or at their limitation to a greater extent than is provided for in the present Covenant".
Paragraph 3 lays down specific conditions and it is only subject to these conditions that restrictions may be imposed: the restrictions must be "provided by law"; they may only be imposed for one of the grounds set out in subparagraphs (a) and (b) of paragraph 3; and they must conform to the strict tests of necessity and proportionality. Restrictions are not allowed on grounds not specified in paragraph 3, even if such grounds would justify restrictions to other rights protected in the Covenant. Restrictions must be applied only for those purposes for which they were prescribed and must be directly related to the specific need on which they are predicated.

समितिका अनुसार *कुनै पनि वेवसाइट, ब्लग वा इन्टरनेटमा आधारित विद्युतीय वा अन्य कुनै किसिमको सूचना प्रवाह प्रणाली, तथा त्यस्तो किसिमको सञ्चारलाई टेवा दिने इन्टरनेट सेवा प्रदायक वा सर्च इन्जिन लगायतका प्रणालीउपरको कुनै पनि प्रतिवन्ध धारा १९ को परिच्छेद ३ मा तोकिएको अवस्थामा मात्र अनुमतीयोग्य हुन्छ । सामान्यतया अनुमतीयोग्य प्रतिवन्धहरू विषयबस्तु लक्षित हुनुपर्छ, कुनै निश्चित वेवसाइट वा प्रणाली उपरको व्यापक प्रतिवन्ध परिच्छेद ३ अनुरूप हुदैन । त्यसैगरी कुनै वेवसाइट वा सूचना प्रवाह प्रणालीलाई सरकार वा सरकारसमर्थित राजनीतिक सामाजिक प्रणालीको आलोचक हुनसक्ने आधारमा मात्रै कुनै सामाग्री प्रकाशन गर्नमा लगाइने प्रतिवन्ध पनि परिच्छेद ३ विपरीत हुन्छ ।*

माथिको व्यवस्थालाई हेर्दा इन्टरनेटमा आधारित सञ्चारमाध्यम (अनलाइन सञ्चारमाध्यम)मा गरिने विषयवस्तु नियमन (Content Regulation) नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा १९ को परिच्छेद ३ अनुरूप अर्थात निम्नलिखित अवस्थामा मात्र गर्न सकिन्छ ।

१. कानूनद्वारा व्यवस्था गरिएको अवस्थामा,

२. अरूको अधिकार वा प्रतिष्ठाको सम्मानको संरक्षणका लागि,

३. राष्ट्रिय सुरक्षा वा सार्वजनिक व्यवस्था वा सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण का लागि,

यसका साथै संयुक्त राष्ट्रसंघ मानव अधिकार परिषद् UN Human Rights Council (HRC) ) ले सन् २०१२ को जुलाई ५ मा नागरिक, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक तथा विकासको अधिकारलगायत सबै किसिमका मानव अधिकारको सम्र्बद्धन तथा संरक्षणसम्बन्धी प्रस्ताव सर्वसम्मतीले पास गरेको छ। उक्त प्रस्तावमा मानीसहरूलाई अफलाइनमा प्राप्त सबै अधिकारहरू र त्यसमा पनि कुनै पनि सिमाको अधिनमा नरही र व्यक्तिको आफ्नो छनौटको माध्यम प्रयोग गरि उपभोग गर्न पाउने अभिव्यक्तिको स्वतन्त्रतालाई मानव अधिकारको विश्वब्यापी घोषणापत्र र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा १९ अनुरूप अनलाइनमा पनि संरक्षण गरिनुपर्दछ भन्ने उल्लेख छ ।

> *….Affirms that the same rights that people have offline must also be protected online, in particular freedom of expression, which is applicable regardless of frontiers and through any media of one's choice, in accordance with articles 19 of the Universal Declaration of Human Rights and the International Covenant on Civil and Political Rights.*
>
> *Promotion and protection of all human rights, civil,political, economic, social and cultural rights,including the right to development, UN Human Rights Council, A/HRC/23/39*
>
> *http://www.ohchr.org/Documents/HRBodies/HRCouncil/RegularSession/Session23/A.HRC.23.39_EN.pdf*

माथिको व्यवस्थालाई हेर्दा, अफलाइनमा अर्थात इन्टरनेट बाहिर सामान्य अवस्थामा व्यक्तिले जसरी विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार उपभोग गरेको हुन्छ, अनलाइनमा पनि निजलाई उक्त अधिकार त्यसरी नै उपलब्ध हुन्छ र त्यसको संरक्षण गरिनुपर्ने हुन्छ ।

अनलाइन सञ्चारमाध्यम निर्देशिकाले गरेका व्यवस्थाहरू पनि नेपालको अन्तर्राष्टिय कानूनअर्न्तगतको दायित्वअनुरूप हुनुपर्दछ । उक्त निर्देशिकाले अनलाइन सञ्चारमाध्यमलाई मात्र नभई नागरिकको अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई समेत नियमन गर्ने हुनाले त्यस्तो कुनै पनि नियमन मन्त्रिपरिषदको निर्णयका आधारमा नभई सार्वभौम संसदले बनाउने अन्तर्राष्ट्रिय कानुन र संविधान अनुरूपको विधायिकी कानूनका आधारमा गरिनुपर्ने हुन्छ । विधायिकाको अधिकार ग्रहण गरेर कार्यपालिकाले संविधानप्रदत्त मौलिक हकमा अनावश्यक बन्देज लगाइनु नागरिक अधिकारमाथिको प्रहार हो ।

## ४.निर्देशिकाको आधार

यो निर्देशिका नेपाल सरकारले सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी जारी गरेको छ। सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को प्रस्तावनामा उक्त ऐन बनाउनुको कारण यसरी उल्लेख गरिएको छ ।

> *"मुलकुको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन, कानूनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढंगबाट पाउने अवस्था सजृना गर्न, सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतारी कार्यान्वियनमा ल्याउन, र प्रशासन संयन्त्रलाई सेवाप्रदायक संयन्त्र तथा सहजकर्ताको रूपमा रूपान्तरण गरी मुलुकमा सुशासनको प्रत्याभूति दिने सम्बन्धमा कानूनी व्यवस्था गर्न आवश्यक भएकोले, व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।"*

त्यसैगरी सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ मा यस्तो व्यवस्था गरिएको छ ।

> ***४५. निर्देशिका वा दिग्दर्शन बनाउन सक्न निर्देशिका वा दिग्दर्शन बनाउन सक्ने :*** *नेपाल सरकारले सरकारी कार्यालयको काम कारबाहीलाई प्रक्रियागत ढङ्गबाट छिटो, छरितो र मितव्ययी रूपमा सञ्चालन गर्न वा कार्य सम्पादन गर्न आवश्यक निर्देशिका वा दिग्दर्शन बनाई लागु गर्न सक्नेछ ।*

अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका २०७३ जारी गर्नका लागि सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को प्रयोग हुनु कार्यपालिकाबाट विधायीकी अधिकारको दुरूपयोग हो । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन मुलुकको सार्वजनिक प्रशासन तथा प्रशासन संयन्त्रलाई सुशासनतर्फ उन्मुख गराउन बनाइएको हो, सञ्चारमाध्यमको नियमनका लागि होइन । त्यसैगरी उक्त ऐनको दफा ४५ "*सरकारी कार्यालयको काम कारबाहीलाई प्रक्रियागत ढङ्गबाट छिटो, छरितो र मितव्ययी रूपमा सञ्चालन गर्न वा कार्य सम्पादन गर्न आवश्यक निर्देशिका वा दिग्दर्शन बनाई लागु गर्न सक्ने*"अधिकार दिएको छ, सञ्चार माध्यमलाई नियमन गर्ने अधिकार दिएको छैन ।

## ५.निर्देशिकाका मुख्य व्यवस्था

अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका २०७३ मा कूल **६ परिच्छेद र २२ दफा र २ अनुसूची** रहेका छन् । निर्देशिकाका मुख्य व्यवस्थाहरू देहाय बमोजिम रहेका छन् । निर्देशिकाको **परिच्छेद १**मा अनलाइन पत्रकारिता र अनलाइन सञ्चारमाध्यमलाई परिभाषित गरिएको छ । यसैगरी **परिच्छेद २** मा अनलाइन दर्ता र

सञ्चालनसम्बन्धी व्यवस्था गरिएको छ । निर्देशिकामा गरिएको व्यवस्थाअनुसार यो निर्देशिका प्रारम्भ भएपछि अनलाइन सञ्चार माध्यम दर्ताको लागि तोकिएको ढाँचामा सूचना विभागमा दरखास्त दिनुपर्नेछ र निर्देशिका बमोजिम दर्ता नभई अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्न पाइने छैन ।अनलाइन पत्रकारीता गरिरहेका वा गर्न चाहने, नीजि तथा सरकारी अनलाइन सञ्चारमाध्यम, छापा, रेडियो, टेलीभिजनलगायत सबैलेनिर्देशिका बमोजिम यस्तो निवेदन गर्नुपर्नेछ । निर्देशिकाको **परिच्छेद ३** मा नवीकरण तथा जनशक्ति सम्बन्धी व्यवस्था गरिएको छ भने **परिच्छेद ४** मा आचरण सम्बन्धी व्यवस्था गरिएको छ । त्यसैगरी **परिच्छेद ५** मा अनुगमन सम्बन्धी व्यवस्था र **परिच्छेद ६** मा विविध विषय उल्लेख गरिएको छ ।

## ६.अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिकाको प्रावधान विश्लेषण

### ६.१. अनलाइन प्रत्रकारिता र अनलाइन समाचार माध्यमको परिभाषा

निर्देशिकाले अनलाइन पत्रकारिता र अनलाइन सञ्चारमाध्यमको छुट्टाछुट्टै परिभाषा गरेको छ जुन एकआपसमा विरोधाभासपूर्ण छ । निर्देशिकाले “अनलाइन पत्रकारिता” लाई इन्टरनेटमा आधारित प्रविधिको प्रयोग गरी समाचार, सूचना, विचार, तस्वीर वा श्रव्यदृश्य लगायतका समाचारमुलक वा जानकारीमूलक सामग्रीहरूको उत्पादन, प्रकाशन, प्रसारण वा वितरणको प्रयोजनका लागि समाचार लेखन, सूचना तथा दृश्य सङ्कलन एवम् सम्पादनसम्बन्धी **प्राविधिक कार्य**” भनी परिभाषा गरेको छ । तर **अनलाइन सञ्चारमाध्यम**को परिभाषामा भने निर्देशिकाले विधि, प्रक्रिया र माध्यम लाई समेट्दै “प्रचलित कानून बमोजिम स्थापना वा दर्ता भई पत्रकारिता र सम्पादकीय सिद्धान्त अङ्गिकार गरी इन्टरनेटको माध्यममा सङ्केत, चिन्ह, अक्षर, आवाज, ग्राफिक्स, गीत, सङ्गीत, भिडियो, एनिमेशन तथा विभिन्न बहुमाध्यम मल्टिमिडिया) को प्रयोग गरी सन्देशमूलक वा विषयगत विचार, सूचना तथा समाचार, तस्वीर, श्रव्यदृश्यको रूपमा उत्पादन, प्रकाशन, प्रसारण वा वितरण गर्ने विधि, प्रक्रिया र माध्यम सम्झनुपर्छ” भनी परिभाषा गरेको छ ।

माथिको परिभाषालाई हेर्दा अनलाइन पत्रकारिताको परिभाषा निकै अस्पष्ट छ । निर्देशिकाले कुनै पनि सामाग्री अनलाइनमा प्रकाशन वा प्रसारण हुनुभन्दा अगाडी त्यो सामाग्री तयार गरिने प्राविधिक प्रक्रिया र कार्यलाई मात्र अनलाइन पत्रकारिताका रूपमा परिभाषा गरेको छ । अनलाइन पत्रकारितालाई मात्र प्राविधिक कार्यका रूपमा परिभाषा गर्दा नयाँ मिडिया(New Media) का रूपमा अगाडि आइरहेको अनलाइन पत्रकारितालाई परम्परागत पत्रकारिता (Traditional Media) लाई प्राप्त संरक्षणहरू, उदाहरणका लागि श्रोतको संरक्षणको अधिकार, सार्वजनिक महत्वका विषयमा सार्वजनिक व्यक्तिको आलोचनामा प्राप्त हुने संरक्षणहरू आदिबाट बिमुख गरी, मात्र समाचार प्रकाशन प्रशारण गर्ने प्राविधिक कार्यमा सिमित गर्न खोजिएको छ । साथै, सम्पादकीय सिद्धान्त अङ्गिकार गरी उत्पादन, प्रकाशन, प्रसारण हुने (दफा २ (ख)) र प्रकाशित सामाग्रीको पूर्ण जिम्मेवारी लिनुपर्ने ( दफा ११) कार्यलाई समेत प्राविधिक कार्यका रूपमा राखिएको छ । यस किसिमको प्रावधानको तत्काल असर नदेखिएता पनि यसले अनलाइन मिडियाको क्षेत्र (scope) लाई भने निकै सिमित बनाउन खोजेको छ ।

### ६.२. दर्तासम्बन्धी व्यवस्था

निर्देशिकाको परिच्छेद २ मा अनलाइन सञ्चारमाध्यमको दर्तासम्बन्धी व्यवस्था गरिएको छ । दफा ३(१) ले निर्देशिका कार्यान्वयनमा आएपछि अनलाइन पत्रकारिता गर्न चाहने कुनै पनि व्यक्ति वा संस्थाले अनलाइन सञ्चारमाध्यम दर्ता गर्नका लागि तोकिएको ढाँचामा सूचना विभागमा दरखास्त दिनुपर्ने व्यवस्था गरेको छ भने

दफा ३(२) मा निर्देशिका लागु हुनुभन्दा पहिले देखि नै सञ्चालनमा रहेका अनलाइन सञ्चारमाध्यमले निर्देशिका लागु भएको साठी दिनभित्र सूचना विभागमा दरखास्त दिनुपर्ने व्यवस्था गरिएको छ ।

निर्देशिकाले अनलाइन सञ्चारमाध्यमसम्बन्धी यस निर्देशिकाका प्रावधानहरू नीजि अनलाइनलाई मात्र र अनलाइनमात्र सञ्चालन गरिरहेकाहरूलाईमात्र लागु हुने नभई सरकारी वा निजी सबै प्रकारका छापा वा विद्युतीय सञ्चारमाध्यम (रेडियो, टेलिभिजन समेत) लागु हुने व्यवस्था गर्दै त्यस्ता सञ्चारमाध्यमले अनलाइन सञ्चारमाध्यम मार्फत अनलाइन पत्रकारिता गर्न चाहेमा पनि दर्ताको लागि निवेदन दिनुपर्ने व्यवस्था गरेको छ (दफा ३(३) । निर्देशिकाको दफा ३(४) मा दर्ता नगरी कुनैपनि अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्न पाइने छैन भन्ने व्यवस्था गरिएको छ ।

माथिका प्रावधानहरूलाई हेर्दा२०७३ चैत्र ७ पछि अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्न चाहने कुनै पनि व्यक्ति वा संस्थाले दर्ता नगरी अनलाइन सञ्चारमाध्यम सञ्चालन गरेमा कानून विपरीत हुनेछ भने हाल सञ्चालनमा रहेका कुनै पनि अनलाइन सञ्चारमाध्यमले यो निर्देशिका लागु भएको साठि दिन भित्र अर्थात ४ जेष्ठ २०७४ भित्र सूचना विभागमा दर्ता हुनका लागि निवेदन दिईसक्नुपर्नेछ। यो व्यवस्था अनलाइनमा मात्र रहेका मिडियालाई मात्र लागु नभइ दर्ता गरेर सञ्चालन भैरहेका, अनलाइन संस्करण भएका सरकारी तथा नीजि सञ्चारमाध्यम ( रेडियो तथा टेलीभिजन) समेत लाइ लागु हुनेछ । एकपटक कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका मिडियाले पूनः दर्ता हुनुपर्ने व्यवस्था नियन्त्रणमुखी र अनावश्यक रहेको छ । यसको एकमात्र उद्देश्य अनलाइन निर्देशिकाका नाममा सञ्चार माध्यममा सरकारी नियन्त्रण कायम राख्नु रहेको देखिन्छ । साथै बिनाकारण दर्ता ढिलाई गरे वा नगरे सो बापत सम्बन्धित पक्षले पुनराबेदन गर्ने वा कानुनी उपचार खोज्ने बाटो देखिदैन।

### ६.३. दर्ता प्रमाणपत्र

निर्देशिकाको दफा ५ मा दर्ता प्रमाणपत्रसम्बन्धी व्यवस्था गरिएको छ । निर्देशिकामा गरिएको दर्ता प्रमाणपत्रसम्बन्धि व्यवस्थाले पनि अनलाइन सञ्चारमाध्यममा सरकारी नियन्त्रणको प्रयासलाई झनै कसिलो बनाउन खोजेको छ । दफा ५ को व्यवस्था यस प्रकार रहेको छ ।

> *(१) दफा ३ बमोजिम अनलाइन सञ्चारमाध्यम दर्ताको लागि कुनै दरखास्त पर्न आएमा विभागले त्यस्तो दरखास्त उपर आवश्यक जाँचबुझ गर्नेछ ।*
>
> *(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तको व्यहोरा मनासिब देखेमा विभागले सम्बन्धित व्यक्ति वा संस्थालाई अनुसूची-२ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र दिनेछ ।*

माथिको व्यवस्थालाई हेर्दा विभागले अनलाइन सञ्चारमाध्यम दर्ताका लागि आएका निवेदनमा कति दिन भित्र जाँचबुझ गर्नेछ भन्ने स्पष्ट छैन । विभागले चाहेमा दर्ताका लागि आएका निवेदनलाई अनन्त कालसम्म जाँचबुझका लागि राखिरहन सक्नेछ । यस्तो प्रावधानले कार्यकारी अधिकार भएका निकायलाई निरंकुश बनाउँछ र नागरिकको विचार तथा अभिव्यक्ति स्वतन्त्रताको उल्लंघन हुनजान्छ भने अर्कोतर्फ नागरिकको सूचनाको हकसमेत संकुचित हुने देखिन्छ । अवधि नतोकिकन दिइएको यो अधिकार दुरूपयोग हुने सम्भावना संधै रहन्छ ।

त्यसैगरी उपदफा २ मा विभागले “मनासिव देखेमा” सम्बन्धित व्यक्ति वा संस्थालाई दर्ता प्रमाणपत्र दिने व्यवस्था गरिएको छ। ‘मनासिव देखेमा’ भन्ने प्रावधानको व्याख्या वस्तुपरक (objective) भन्दा व्यक्तिपरक (subjective) हुने सम्भावना हुन्छ। तोकिएको ढाँचामा, तोकिएको कागजात पेश गरी दर्ताका लागि आउने व्यक्ति वा संस्थालाई तोकिए बमोजिम नै दर्ता प्रमाणपत्र दिने व्यवस्था गर्दागर्दै निर्णय गर्ने निकाय वा अधिकारीलाई उक्त निवेदन मनासिव पनि लाग्नुपर्ने व्यवस्था गर्नुले राज्यले नचाहेका वा सरकारको आलोचना गर्ने वा गर्नसक्ने व्यक्ति वा संस्थालाई अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्नबाट वञ्चित गर्नका लागि यस्तो व्यवस्था गरिएको स्पष्ट हुन्छ ।

साथै निर्देशिकाले लामो समयसम्म दर्ता नगरिदिएको अवस्थामा वा विभागलाई मनासिव नलागेको अवस्थामा अनलाइन सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाका लागि कुनै उपचार वा पुनरावेदन गर्ने निकाय वा प्रक्रियाका बारेमा पनि केहि उल्लेख गरेको छैन ।

## ६.४. नवीकरणसम्बन्धी व्यवस्था

निर्देशिकाको दफा ६ मा नवीकरणसम्बन्धी व्यवस्था गरिएको छ ।

> *६.(१) दफा ५ बमोजिम दर्ता भएका अनलाइन सञ्चारमाध्यमले प्रत्येक वर्षको असार मसान्तभित्र विभागमा नवीकरण गराउनु पर्नेछ ।*
>
> *(२) उपदफा (१) बमोजिम नवीकरण गराउँदा विभागले तोकेको ढाँचामा अघिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्र तथा लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।*
>
> *(३) उपदफा (१) बमोजिमको म्यादभित्र नवीकरण नगराउने अनलाइन सञ्चारमाध्यमको सेवा प्रचलित कानून बमोजिम रोक लगाउन सकिनेछ ।*

प्रावधान अनुसार, निर्देशिका बमोजिम दर्ता भएका अनलाइन सञ्चारमाध्यमले प्रत्येक वर्षको असार मसान्तभित्र विभागमा नवीकरण गराउनुपर्ने र यसरी म्यादभित्र नवीकरण नगराउने अनलाइन सञ्चारमाध्यमको सेवा प्रचलित कानून बमोजिम रोक लगाउन सकिने व्यवस्था अनलाइन सञ्चार माध्यमलाई नियन्त्रण गर्न र तर्साउनका लागि बनाइएको जस्तो देखिन्छ । छापाखाना तथा प्रकाशनसम्बन्धी ऐनमा २०५७ सालमा संशोधनद्वारा थप गरिएको पत्रपत्रिकाको दर्ता खारेजीसम्बन्धी व्यवस्था (दफा ७(क)) मा दर्ता भएको १ वर्षसम्म पनि एक अंक पनि प्रकाशन नगर्ने वा प्रकाशन बन्द भएको एकवर्षसम्म पनि विभागलाई सो को जानकारी नदिने पत्रपत्रिका खारेज गर्न सकिने व्यवस्था गरिएको छ । तर यसरी जानकारी दिँदा प्रत्येक पटकमा एक वर्षका लागि र बढिमा पाँच वर्षसम्मका लागि दिनसकिने भनी व्यवस्था गरिएको छ। अर्थात एकपटक दर्ता भएका पत्रपत्रिका एक अंक पनि प्रकाशन हुन नसकेमा अवस्थामा समेत जानकारी दिँदा पाँच वर्षसम्म दर्ता खारेज हुँदैनन भन्ने कानूनी व्यवस्था छापा मिडियाका लागि भएको अवस्थामा अनलाइन नवीकरण नगरेकै भोलिपल्ट देखि रोक लगाउन सकिने भन्ने व्यवस्थाको पछाडि सरकारी नियन्त्रण बाहेक कुनै तार्किक कारण देखिदैन ।

यसका साथै निर्देशिकाको दफा ६(१) को प्रत्येक वर्षको असार मसान्तभित्र विभागमा नवीकरण गराउनु पर्ने भन्ने प्रावधानले यसै वर्ष निर्देशिका लागु भएपछि दर्ता भएका अनलाइन सञ्चारमाध्यमले तत्काल असार मसान्त अगावै नवीकरण गराउनु पर्ने हो वा होइन भन्ने स्पष्ट छैन ।

### ६.५. प्रेस प्रतिनिधि परिचयपत्रसम्बन्धी व्यवस्था

निर्देशिकाको दफा ८ ले प्रेस प्रतिनिधि परिचयपत्रबारे व्यबस्था गरेको छ ।

> *८. प्रेस प्रतिनिधि परिचयपत्र:अनलाइन सञ्चारमाध्यममा काम गर्ने पत्रकारले विभागबाट प्रचलित कानून बमोजिम प्रेस प्रतिनिधि परिचयपत्र लिनु पर्नेछ ।*

अनलाइन सञ्चारमाध्यममा काम गर्ने पत्रकारले विभागबाट प्रचलित कानून बमोजिम प्रेस प्रतिनिधि परिचयपत्र लिनु पर्ने व्यवस्था गरेको छ । सरकारले कुनै पनि मिडिया वा सञ्चारमाध्यमलाई प्रेस प्रतिनिधि प्रमाणपत्र लिनका लागि बाध्य बनाउन सक्दैन । प्रेस प्रतिनिधि प्रमाणपत्र नभएका कारणले त्यस्तो प्रमाणपत्र पेश गर्न आवश्यक बनाइएको कुनै कार्यक्रम, स्थान वा कार्यालयमा प्रवेश गर्नमा, उपस्थित हुनमा रोक लगाउन त सकिन्छ तर प्रेस प्रतिनिधि प्रमाणपत्र नलिएकै कारणबाट समाचार संकलन, प्रसारण वा प्रकाशनमा रोक लगाउन सकिदैन । यस किसिमको *प्रेस प्रतिनिधि परिचयपत्र लिनु पर्ने* भन्ने व्यवस्थाले राज्यले पहिचान गरेका मात्र सञ्चारकर्मी हुन अरू होइनन भन्ने किसिमको नियन्त्रीत सञ्चारकर्मीको व्यवस्था गर्न खोजेको देखिन्छ । साथै यसले पत्रकार पेशा रोज्ने र बन्न पाउने आधारभुत अधिकारलाई समेत नियन्त्रण गरेको छ ।

### ६.६. प्रकाशित सामग्रीको जिम्मेवारी

निर्देशिकाको दफा ११ ले अनलाइन सञ्चारमाध्यमबाट प्रकाशन वा प्रसारण गरिएका सामाग्रीका सम्बन्धमा प्रकाशन वा प्रसारण गर्ने अनलाइन सञ्चारमाध्यम पूर्णरूपमा जिम्मेवार हुने व्यवस्था गरेको छ ।

> *११. प्रकाशित सामग्रीको जिम्मेवारी रहने: कसैले कुनै सामाग्री आफ्नो अनलाइन सञ्चारमाध्यम मार्फत प्रकाशन वा प्रसारण गरेमा त्यस्तो सामाग्री प्रति त्यसरी प्रकाशन वा प्रसारण गर्ने अनलाइन सञ्चारमाध्यम पूर्णरूपमा जिम्मेवार हुनेछ ।*

आफुले प्रकाशन, प्रसारण गरेको सञ्चारमाध्यममा प्रकाशन वा प्रसारण गरिएका सामाग्रीका बारेमा उक्त सञ्चारमाध्यम पक्कै पनि जिम्मेवार हुनुपर्छ । तर अनलाइन सञ्चारमाध्यममा समाचार मात्र नछापिई परम्परागत छापामाध्यममा झै स्वतन्त्र लेखक तथा विश्लेषकका लेख, विचार, विश्लेषण, अर्न्तवार्ता आदि पनि छापिन्छन् । छापिएका सबै कुराका लागि सञ्चारमाध्यमलाई नै पूर्ण रूपमा जिम्मेवार बनाउने यस प्रावधानले सञ्चारमाध्यमको आधारभुत प्रेस स्वतन्त्रता, नागरिकको विचार तथा अभिव्यक्ति स्वतन्त्रताका साथसाथै नागरिकहरूको सूचनाको हक र अधिकार समेत कुण्ठित हुन जान्छ । यस किसिमको प्रावधानले स्वनियन्त्रणको वातावरण (Environment of self-censorship) सिर्जना गर्नेछ ।

### ६.७. प्रकाशित सामाग्री सुरक्षित राख्नुपर्ने दायित्व

निर्देशिकाको दफा १२ ले प्रकाशित गरेको सामाग्री सुरक्षित राख्नुपर्ने दायित्वबारे व्यबस्था गरेको छ ।

> *दफा १२. सामाग्री सुरक्षित राख्नुपर्ने : अनलाइन सञ्चारमाध्यममा प्रकाशित सामाग्री सुरक्षित राख्नु अनलाइन सञ्चालकको दायित्व हुनेछ ।*

यो प्रावधानमा कति समयसम्म प्रकाशित त्यस्ता सामाग्रीहरू सुरक्षित राख्ने हो खुलाइएको छैन । प्रकाशित सामाग्री निकै लामो समयसम्म (प्रावधानले स्पष्टरूपमा अवधि उल्लेख नगरेको अवस्थाले गर्दा अनन्तकालसम्म) राख्नु प्राविधिक तथा आर्थिक रूपमा सञ्चालकका लागि अनावश्यक भार हो । यस्तो व्यवस्थाले सानो पुजी

भएका, व्यक्तिगत रूपमा सञ्चालन हुने अनलाइन सञ्चारमाध्यमलाई अनावश्यक आर्थिक भार पर्न जान्छ । पुरानो अनलाइन सञ्चारमाध्यम निर्देशिकाको दफा १३ मा कम्तिमा पनि छ महिनासम्म सुरक्षित राखिनुपर्ने भन्ने व्यवस्था रहेको थियो । तसर्थ यो प्रावधानमा पनि सुधारको आवश्यकता छ ।

यो प्रावधान निर्देशिकाको दफा १३ को त्रुटि सच्याउने व्यवस्थासँग पनि सम्बन्धित छ । उक्त व्यवस्थाले त्रुटि फेला परेमा तत्काल सच्याउनुपर्छ भन्ने व्यवस्था गरेको छ भने यस दफाले प्रकाशित सामाग्री सुरक्षीत राख्नुपर्नेछ भन्ने व्यवस्था गरेको छ । निर्देशिकामा त्रुटि देखिएको सामाग्रीको पनि सुरक्षित राख्ने हो वा सच्याएको सामाग्री मात्र सुरक्षीत राख्ने हो वा दुवै सामाग्री सुरक्षित राख्ने हो स्पष्ट रूपमा उल्लेख छैन ।

### ६.८. त्रुटि सच्याउने दायित्व

निर्देशिकाको दफा १३ मा अनलाइन सञ्चारमाध्यमले आफूले प्रकाशन वा प्रसारण गरेको सामाग्रीमा कुनै त्रुटि फेला परेमा त्यस्तो त्रुटि तत्काल सच्याउनुपर्नेछ भन्ने व्यवस्था गरिएको छ ।

> *१३. त्रुटि सच्याउने : अनलाइन सञ्चारमाध्यमले आफूले प्रकाशन वा प्रसारण गरेको सामाग्रीमा कुनै त्रुटि फेला परेमा त्यस्तो त्रुटि तत्काल सच्याउनु पर्नेछ ।*

यो प्रावधान उपयुक्त भए पनि अपूर्ण रहेको देखिन्छ । अनलाइन सञ्चारमाध्यमको विश्वव्यापी अभ्यासलाई हेर्ने हो भने अनलाइन सञ्चारमाध्यमले आफूले प्रकाशन वा प्रसारण गरेको सामग्रीमा कुनै त्रुटि फेला परी त्यस्तो त्रुटि सच्याउनुपर्ने भएमा सो सामग्री यथावत राखी त्रुटि सच्याई त्यसको जानकारी प्रकाशन वा प्रसारण गर्ने गर्दछन् । जसले गर्दा पहिले के छापिएको थियो, के त्रुटि भयो र कसरी सच्याइयो भन्ने कुरा पछि पढ्ने, हेर्ने पाठकलाई पनि जानकारी हुन्छ । तसर्थ यस व्यवस्थालाई थप स्पष्ट पार्नु उपयुक्त हुन्छ ।

### ६.९. सुविधा नदिइनेसम्बन्धी व्यवस्था

निर्देशिकाको दफा १७ ले कुनै अनलाइन सञ्चारमाध्यमले निर्देशिकामा गरिएको व्यवस्था बमोजिम दर्ता वा नवीकरण नगरेमा वा पत्रकार आचारसंहिता उल्लङ्घन गरेमा त्यस्तो सञ्चारमाध्यमलाई नेपाल सरकारबाट दिइने सुविधा रोक्न सक्ने भन्ने व्यवस्था गरेको छ ।

> *१७. सुविधा नदिइने : कुनै अनलाइन सञ्चारमाध्यमले यस निर्देशिका बमोजिम दर्ता वा नवीकरण नगरेमा वा पत्रकार आचारसंहिता उल्लङ्घन गरेमा त्यस्तो सञ्चारमाध्यमलाई नेपाल सरकारबाट दिइने सुविधा रोक्न सकिनेछ ।*

बास्तवमा धेरैजसो अनलाइन मिडियाहरूलाई यस निर्देशिका बमोजिम दर्ता गर्नमा आकर्षित वा बाध्य पार्नसक्ने प्रावधान नै यो सुविधासम्बन्धी व्यवस्था हो । यहाँ नेपाल सरकारबाट दिइने सुविधा स्पष्ट रूपमा के हो भनेर स्पष्ट पारिएको छैन तर विगतको अभ्यासलाई हेर्ने हो भने यो सुविधा भनेको राज्यका तर्फबाट दिइने लोककल्याणकारी विज्ञापन नै हो । राज्यले लोककल्याणकारी विज्ञापन कुनै पनि सञ्चारमाध्यमको प्रभावकारिता, ब्यापकता, जनमानसमा पहुँच आदिका आधारमा व्यवसायिक रूपमा दिनुपर्दछ । यदि कोटा मात्रका आधारमा दामासाहि रूपमा बाडने हो भने त्यस्तो लोककल्याणकारी विज्ञापनले खोजेको परिणाम दिनसक्दैन र त्यो जनताबाट उठाइएको करको दुरूपयोग मात्र हो । तसर्थ सुविधाको लोभ देखाएर दर्ता गर्न लगाई मिडियामा नियन्त्रण गर्न खोज्ने यो प्रावधान पनि खारेज हुनु जरुरी छ ।

### ६.१०. विदेशबाट प्रकाशित अनलाइन न्यूज पोर्टल र काउन्सिलको अधिकार

निर्देशिकाको दफा १८ ले "विदेशबाट प्रकाशित वा प्रसारित कुनै सामाग्री दफा १० को खण्ड (क) विपरीत रहेको कुरा कुनै स्रोतबाट जानकारी भएमा त्यस्तो प्रकाशित वा प्रसारित सामाग्रीलाई नेपालभित्र प्रकाशन वा प्रसारण हुन नसक्ने व्यवस्थाको लागि काउन्सिलले सम्बन्धित निकायमा लेखी पठाउन सक्ने" भन्ने व्यवस्था गरेको छ।

दफा १० को खण्ड (क) मा ''नेपालको संविधान र प्रचलित कानून बमोजिम प्रकाशन वा प्रसारण गर्न नहुने सामाग्री'' अनलाइन सञ्चारमाध्यमबाट प्रकासन तथा प्रसारण गर्न पाइने छैन भन्ने व्यवस्था गरिएको छ।

यस प्रावधान एकभन्दा ज्यादा प्राविधिक तथा संबैधानिक विषयहरू जोडिएका छन।

दफा १८ को व्यवस्थाले काउन्सिललाई कानूनले दिएको भन्दा ज्यादा, न्यायपालिकिय अधिकार दिएको छ। कुनै सामाग्री नेपालको संविधान र प्रचलित कानून विपरीत हो वा होइन भन्ने निर्णय गर्ने अधिकार काउन्सिललाई कुनै पनि कानूनले दिएको छैन र मन्त्रीपरिषदबाट जारि गरिएको यो निर्देशिकाले पनि त्यो अधिकार काउन्सिललाई दिनसक्दैन। शक्ति पृथकिकरणको सिद्धान्तको विल्कुल विपरीत यदि राजनीतिक रूपमा नियुक्ती गरिएका सदस्यहरूको बहुलता रहेको एक निकायलाई कुन समाचार संविधान वा प्रचलित कानून विपरीत छ भन्ने निर्क्यौल गर्ने अधिकार दिनु कानूनको शासनको उपहास मात्र हो।

''विदेशबाट प्रकाशित'' भन्नाले के जनाउँछ भन्ने कुरा यस प्रावधानमा स्पष्ट छैन। कुनै अनलाइन सञ्चारमाध्यमको Domain name विदेशमा दर्ता हुनु विदेशबाट प्रकाशित हो कि, त्यसको सम्पादक वा सम्पादक मण्डल विदेशमा हुनु विदेशबाट प्रकाशित हुनु हो कि, त्यसको नाम वा प्रकाशन हुने भाषाले त्यो निर्धारण गर्दछ कि स्पष्ट छैन। विश्वव्यापी सञ्जाल, इन्टरनेटमा आधारित अनलाइन मिडियालाई देशबाट प्रकाशित वा विदेशबाट प्रकाशित भनी वर्गिकरण गर्नु सजिलो छैन।

यदि अर्को देशमा डोमेन दर्ता भएकै आधारमा विदेशबाट सञ्चालित भनीने हो यस प्रावधानले अर्को गम्भिर प्रश्न के उठाएको छ भनै कुनै पनि नेपाली नागरीकले तथाकथित विदेशी (विदेशमा डोमेन दर्ता भएको) माध्यम प्रयोग गरेर संविधानप्रदत्त अभिव्यक्ति स्वतन्त्रता वा आमसञ्चार स्वतन्त्रता प्रयोग गर्न पाउँछ कि पाउँदैन ? यदि निजले त्यस्तो हक प्रयोग गरी प्रकाशन वा प्रशारण गरेको कुनै सामाग्री राज्यलाई नेपालको संविधान र प्रचलित कानून विपरीत हो भन्ने लागेमा त्यसको निर्क्यौल कुनै अदालतले गर्ने हो वा काउन्सिलले गर्ने हो ?

यस प्रावधानमा "विदेशबाट प्रकाशित" अनलाइन सञ्चारमाध्यमको बारेमा उल्लेख गरिए पनि यदि नेपालबाट प्रकाशित वा प्रसारित सामाग्री दफा १० (क) विपरीत भएमा के हुन्छ भन्ने बारेमा भने कुनै उल्लेख गरिएको छैन।

त्यसैगरी दफा १८(२) मा उपदफा (१) बमोजिम काउन्सिलबाट लेखी आएमा सम्बन्धित निकायले त्यस्तो सामाग्रीलाई नेपालभित्र प्रकाशन वा प्रसारण हुन नसक्ने गरी आवश्यक व्यवस्था गर्नुपर्नेछ भन्ने व्यवस्था गरिएको छ। यहाँ सम्बन्धित निकाय भन्नाले कसलाई जनाउँछ भन्ने स्पष्ट पारिएको छैन। तर अनलाइन सञ्चारमाध्यममा उपलब्ध हुन नसक्ने बनाउने भनीएकाले यहाँ सम्बन्धित निकाय भन्नाले दुरसञ्चार प्राधिकरण तथा इन्टरनेट सेवा प्रदायकहरूलाई भन्न खोजिएको हो भन्ने बुझ्न सकिन्छ। यस प्रावधानका माध्यमबाट पनि सरकारले काउन्सिललाई निजले प्रेस काउन्सिल ऐनबमोजिम पाएको भन्दा ज्यादा प्राधिकार (Authority) दिन खोजेको

देखिन्छ । मन्त्रिपरिषदबाट पारित निर्देशिकाले कुनै निकायलाई सोहि निकाय स्थापित गर्ने ऐनले दिएको भन्दा ज्यादा प्राधिकार दिन सक्दैन । साथै, कुनै इन्टरनेट सामाग्रीमा रोक लगाउनु, फिल्टर गर्नु भनेको इन्टरनेट सेन्सरसिप को एउटा पाटो हो ।

### *७. नियमनको बहस*

अहिले विश्वभरनै छापा माध्यममाथिको नियमन लगभग समाप्त भइसकेको छ । यद्यपी, प्रसारण माध्यममाथिको नियमन भने कायमै छ । प्रसारण संचार माध्यम (रेडियो र टेलिभिजन)कालागि आवश्यक फ्रिक्वेन्सीको अभाव र समन्वयको आवश्यकता नियमनको महत्वपूर्ण आधार हो । तर इन्टरनेटमा फ्रिक्वेन्सीको समस्या नहुने हुनाले सामान्यतया अनलाइन सञ्चारमाध्यममा सरकारी नियमन विरलै पाइन्छ ।

नेपाल सरकारले हालै लागु गरेको राष्ट्रिय आमसञ्चार नीतिमा उक्त नीतिको उद्देश्य *आमसञ्चारमाध्यमलाई स्वनियमन र स्वमूल्याङ्कनका लागि अभिप्रेरित गरी स्वच्छ, स्वस्थ र मर्यादित पत्रकारिताको विकास गर्ने (दफा १.७)* भनी उल्लेख गरेको छ । तथापी यस निर्देशिकाले भने स्वनियमन र स्वमुल्यांकनलागि अभिप्रेरित गर्नेभन्दा पनि सरकारी नियन्त्रणतर्फ उन्मुख गरेको छ ।

इन्टरनेट प्रविधीमा दिनानुदिन निकै परिवर्तनहरू आइरहेका छन । यस निर्देशिकाले अहिले नै भैरहेको प्रविधिलाई पनि पुर्णरूपमा समेट्न नसकेको देखिन्छ । उदाहरणका लागि निर्देशिकाले कुनै अनलाइन सञ्चारमाध्यम दर्ता गर्नका लागि डोमेन रजिष्ट्सन भएको हुनुपर्ने, वेवसाइट हुनुपर्ने उल्लेख गरेको छ । यदि कुनै व्यक्ति वा संस्थाले वेवसाइट प्रयोग नगरी एप्सको माध्यमबाट अनलाइन चलाउन चाहेमा वा चलाएमा के हुने भन्ने वारेमा उल्लेख छैन । साथै हालको अवस्थामा एउटै एप्सले पनि सबै पत्रपत्रिकाको अनलाइन संस्करणहरू उपलब्ध गराइरहेको छ । त्यसलाई अनलाइन पत्रकारिता मान्ने कि नमान्ने ।

प्रविधिको उपलब्धताले गर्दा अहिले इन्टरनेटमा आधारित व्यक्तिगत उत्पादक, उत्पादनहरू बढिरहेका छन् । निशुल्क रूपमा उपलब्ध वेबप्लाटफर्म प्रयोग गरेर कन्टेन्ट उत्पादन र प्रसारण भैरहेका छन् । उदाहरणका लागि निशुल्क प्लाटफर्म युट्युव प्रयोग गरेर अहिले पनि हजारौका संख्यामा नियमित रूपमा कार्यक्रम निर्माण, उत्पादन, प्रसारण भैरहेका छन् । निर्देशिकाले जसरी अनलाइन पत्रकारीताको परिभाषा गरेको छ, त्यसलाई हेर्ने हो भने त्यसरी अनलाइन प्रविधिको प्रयोग गरी कन्टेट उत्पादनमा काम गर्ने प्रत्येक व्यक्ति अनलाइन पत्रकार हुने देखिन्छ ।

यसरी हेर्दा यो अनलाइन मिडियाका नाममा इन्टरनेटलाई नियन्त्रण गर्न खोज्ने यो सरकारी प्रयास निरर्थक हुने देखिन्छ ।

### **८.निष्कर्ष**

#### **८.१.सञ्चारमाध्यममा नियमनका लागि गलत ऐनको प्रयोग**

अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका २०७३ जारी गर्नका लागि सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को प्रयोग हुनु कार्यपालिकाबाट विधायीकी अधिकारको दुरूपयोग हो । सुशासन ( व्यवस्थापन तथा सञ्चालन) ऐन मुलुकको सार्वजनिक प्रशासन तथा प्रशासन संयन्त्रलाई सुशासनतर्फ उन्मुख गराउन बनाईएको हो, सञ्चारमाध्यमको नियमनका लागि होइन ।

### ८.२. सबैधानीक प्रत्याभूति तथा अन्तराष्ट्रिय मापदण्डविपरीत

सामान्य अवस्थामा इन्टरनेट बाहिर व्यक्तिले जसरी विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार उपभोग गरेको हुन्छ, अनलाइनमा पनि निजलाई उक्त अधिकार त्यसरी नै उपलब्ध हुन्छ तर यस निर्देशिकाले अनलाइन सञ्चारमाध्यमलाई मात्र नभई नागरिकको अभिव्यक्ति स्वतन्त्रताको संबैधानिक रूपमा प्रत्याभुत मौलिक अधिकारलाई समेत नियमन गरेको छ । यो नेपाल पक्ष राज्य भएका अन्तर्राष्टिय सन्धि तथा कानून सिर्जीत दायित्व तथा अभिब्यक्ति स्वतन्त्रताको अन्तराष्ट्रिय मान्यता समेत प्रतिकुल छ ।

### ८.३. कार्यपालिकाद्वारा विधायिकी अधिकारको प्रयोग

संबिधानले ब्यबस्था गरेको मौलिक हकलाई मन्त्रिपरिषदको निर्णयका आधारमा लागु हुने कुनै पनि कुराले नियमन गर्ने,संकुचन गर्ने काम पुर्ण रूपमा गैर-संबैधानिक हुन्छ । यदि नियमन नै जरुरी ठानिएको हो भने सार्वभौम संसदले अन्तर्राष्ट्रिय कानुन, मापदण्ड र संविधान अनुरूपको विधायिकी कानूनका आधारमा मात्र यस्तो गरिनुपर्ने हुन्छ । विधायिकाको अधिकार ग्रहण गरेर कार्यपालिकाले संविधानप्रदत्त मौलिक हकमा अनावश्यक बन्देज लगाइनु नागरिक अधिकारमाथिको प्रहार हो ।

### ८.४. दायरा सिमित गरिएको

निर्देशिकाले कुनै पनि सामाग्री अनलाइनमा प्रकाशन वा प्रसारण हुनुभन्दा अगाडी त्यो सामाग्री तयार गरिने प्राविधिक प्रक्रिया र कार्यलाई मात्र अनलाइन पत्रकारिताका रूपमा परिभाषा गरेको छ । अनलाइन पत्रकारितालाई मात्र प्राविधिक कार्यका रूपमा परिभाषा गर्दा नयाँ मिडिया (New Media) का रूपमा अगाडि आइरहेको अनलाइन पत्रकारितालाई परम्परागत पत्रकारिता (Traditional Media) लाई प्राप्त संरक्षणहरू, उदाहरणका लागि श्रोतको संरक्षणको अधिकार, सार्वजनिक महत्वका विषयमा सार्वजनिक व्यक्तिको स्वास्थ्य आलोचना गर्दा प्राप्त संरक्षणहरू आदिबाट बिमुख गरी मात्र समाचार प्रकाशन प्रशारण गर्ने प्राविधिक कार्यमा सिमित गर्न खोजिएको छ । यसले अनलाइन मिडियाको क्षेत्र (scope)लाई भने निकै सिमित बनाउन खोजेको छ ।

### ८.५.दर्ता व्यवस्था दोहोरो र बिषयगत मापदण्ड

यो निर्देशिकाअनलाइन प्लेटफर्ममा रहेका मिडियालाई मात्र लागु नभइ दर्ता गरेर सञ्चालन भैरहेका, अनलाइन संस्करण भएका सरकारी तथा नीजि सञ्चारमाध्यम (रेडियो तथा टेलीभिजन) समेत लाइ लागु हुनेछ । एकपटक कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका मिडियाले पूनः दर्ता हुनुपर्ने व्यवस्था नियन्त्रणमुखी र अनावश्यक रहेको छ । यसको एकमात्र उद्देश्य अनलाइन निर्देशिकाका नाममा सञ्चार माध्यममा सरकारी नियन्त्रण कायम राख्नु रहेको देखिन्छ ।

यसैगरि दर्ता गर्दा विभागलाई बिषयगत हिसाबले निर्णय गर्ने सक्ने गरि ‘‘मनासिव’’आधारमासम्बन्धित व्यक्ति वा संस्थालाई दर्ता प्रमाणपत्र दिने सक्ने प्राबधान छ । बिभागलाई मनासिव पनि लाग्नुपर्ने व्यवस्था गर्नुले राज्यले नचाहेका वा सरकारको आलोचना गर्ने वा गर्नसक्ने व्यक्ति वा संस्थालाई अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्नबाट वञ्चित गर्नका लागि यस्तो व्यवस्था गरिएको स्पष्ट हुन्छ ।

### ८.६. अनिवार्य प्रेसप्रतिनिधि परिचयपत्रको संकुचित ब्यवस्था

अनलाइन सञ्चारमाध्यममा काम गर्ने पत्रकारले विभागबाट प्रचलित कानून बमोजिम प्रेस प्रतिनिधि परिचयपत्र लिनु पर्ने व्यवस्था अनिवार्य गरेको छ । यस किसिमको प्रेस प्रतिनिधि परिचयपत्र लिनु पर्ने भन्ने व्यवस्थाले

राज्यले पहिचान गरेका मात्र सञ्चारकर्मी हुन अरू होइनन भन्ने किसिमको नियन्त्रित सञ्चारकर्मीको व्यवस्था गर्न खोजेको देखिन्छ । साथै यसले पत्रकार पेशा रोज्ने र बन्न पाउने आधारभुत अधिकारलाई समेत नियन्त्रण गरेको छ ।

### ८.७. स्वनियन्त्रणमुखी प्रावधान

छापिएका सबै समाचार, आलेख, बिचारका लागि सञ्चारमाध्यमलाई नै पूर्ण रूपमा जिम्मेवार बनाउने यस प्रावधानले सञ्चारमाध्यमको आधारभुत प्रेस स्वतन्त्रता, नागरिकको विचार तथा अभिव्यक्ति स्वतन्त्रताका साथसाथै नागरिकहरूको सूचनाको हक र अधिकार समेत कुण्ठित हुन जान्छ । यस किसिमको प्रावधानले स्वनियन्त्रणको वातावरण (Environment of self-censorship) सिर्जना गर्नेछ ।

### ८.८. सरकारी सुविधाको लाभ नियन्त्रणमुखी

राज्यले लोककल्याणकारी विज्ञापन कुनै पनि सञ्चारमाध्यमको प्रभावकारिता, ब्यापकता, जनमानसमा पहुँच आदिका आधारमा व्यवसायिक रूपमा दिनुपर्दछ । यदि कोटा मात्रका आधारमा दामासाहि रूपमा बाड्ने हो भने त्यस्तो लोककल्याणकारी विज्ञापनले खोजेको परिणाम दिनसक्दैन र त्यो जनताबाट उठाइएको करको दुरूपयोग मात्र हो । तसर्थ सुविधाको लाभ र लोभ देखाएर दर्ता गर्न लगाई मिडियामा नियन्त्रण गर्न खोजेको देखिन्छ ।

### ८.९. प्रेस काउन्सिल ऐनबमोजिम पाएको भन्दा ज्यादा प्राधिकार

अर्को देशमा डोमेन दर्ता भएकै आधारमा विदेशबाट सञ्चालित भनीने प्रावधानले कुनै पनि नेपाली नागरीकले तथाकथित विदेशी (विदेशमा डोमेन दर्ता भएको) माध्यम प्रयोग गरेर संविधानप्रदत्त अभिव्यक्ति स्वतन्त्रता वा आमसञ्चार स्वतन्त्रता प्रयोग गर्न पाउँछ कि पाउँदैन ? यदि निजले त्यस्तो हक प्रयोग गरी प्रकाशन वा प्रशारण गरेको कुनै सामाग्री राज्यलाई नेपालको संविधान र प्रचलित कानून विपरीत हो भन्ने लागेमा त्यसको निर्क्यौल कुनै अदालतले गर्ने हो वा काउन्सिलले गर्ने हो ? निर्देशिकाले प्रेस काउन्सिल ऐनबमोजिम पाएको भन्दा ज्यादा प्राधिकार (Authority) दिन खोजेको देखिन्छ । मन्त्रिपरिषदबाट पारित निर्देशिकाले कुनै निकायलाई सोहि निकाय स्थापित गर्ने ऐनले दिएको भन्दा ज्यादा प्राधिकार दिन सक्दैन ।

### ८.१०.इन्टरनेटमा आधारित परिवर्तन नसमेटेको तथा ईन्टरनेट सेन्सरसिपमा बढावा दिएको

इन्टरनेट प्रविधीमा दिनानुदिन निकै परिवर्तनहरू आइरहेका छन । यस निर्देशिकाले अहिले नै भैरहेको प्रविधिलाई पनि पुर्णरूपमा समेट्न नसकेको देखिन्छ । उदाहरणका लागि निर्देशिकाले कुनै अनलाइन सञ्चारमाध्यम दर्ता गर्नका लागि डोमेन रजिष्ट्रेसन भएको हुनुपर्ने, वेवसाइट हुनुपर्ने उल्लेख गरेको छ । यदि कुनै व्यक्ति वा संस्थाले वेवसाइट प्रयोग नगरी एप्सको माध्यमबाट अनलाइन चलाउन चाहेमा वा चलाएमा के हुने भन्ने वारेमा उल्लेख छैन । साथै हालको अवस्थामा एउटै एप्सले पनि सबै पत्रपत्रिकाको अनलाइन संस्करणहरू उपलब्ध गराइरहेको छ । त्यसलाई अनलाइन पत्रकारिता मान्ने कि नमान्ने प्रष्ट छैन । यस अलावा यसले नियमनका बिभिन्न तरिका अबलम्बन गर्दै इन्टरनेट सामाग्रीमा रोक लगाउने, फिल्टर गर्ने कुरामा जोड दिएको छ। यस्तो प्राबधानले इन्टरनेट सेन्सरसिप बढाउन सघाउँछ नकि ईन्टरनेट फ्रिडम ।

### ८.११ राष्ट्रिय आम सञ्चार निति प्रतिकूल प्राबधान

नेपाल सरकारले हालै लागु गरेको राष्ट्रिय आमसञ्चार नीतिको उद्देश्य *आमसञ्चारमाध्यमलाई स्वनियमन र स्वमूल्याङ्कनका लागि अभिप्रेरित गरी स्वच्छ, स्वस्थ र मर्यादित पत्रकारिताको विकास गर्ने (दफा १.७)* भनी

उल्लेख गरेको छ। तथापी यस निर्देशिकाले भने स्वनियमन र स्वमुल्यांकनलागि अभिप्रेरित गर्नेभन्दा पनि सरकारी नियन्त्रणतर्फ उन्मुख गरेको छ।

## ९.सुझाव तथा भावी कदम

- संबिधानले नै सुनिश्चित गरेको विचार तथा अभिब्यक्ति स्वतन्त्रतालाई कुण्ठीत गर्ने गरि निर्देशिका आउनु आफैमा गलत कदम हो। अनलाइन सञ्चार माध्यमबाट प्रवाह हुने सामाग्रीहरु संविधानले निश्चित गरेका सीमाहरु र अभिव्यक्ति स्वतन्त्रताको अन्तराष्ट्रिय मान्यता एवं मापदण्ड अनुरुप भए नभएको अवस्थाको नियमन तत् तत् कानूनबाटनै गर्न सकिन्छ। जस्तै : राष्ट्रिय सुरक्षासम्बन्धि कानून, ब्यक्तिगत गोपनियता तथा गालीबेइज्जती सम्बन्धि कानून आदी। यी बाहेक न्यायीक निरुपणमार्फत यस सम्बन्धि संबैधानिक प्राबधानको रक्षा हुने हो। साथै आमसञ्चार को नियमनका लागि एकिकृत ऐन तर्जुमा गरी सो मार्फत पनि अनलाइन माध्यमहरुबाट प्रवाह गरिने सामाग्रीको नियमन गर्न सकिन्छ नकि कार्यकारीबाट निर्देशिका जारी गरेर।
- अनलाइन माध्यम आफैंमा सीमाविहिन अस्तित्वमा रहन्छ। तथापी देशको भूभागबाट सञ्चालन भैरहेको अनलाइन सञ्चारमाध्यमहरुलाई स्वेच्छिक रुपमा अभिलेखीकरणको व्यवस्था सम्म गर्न सकिन्छ। तर, सरकारको तहबाट विज्ञापन वा अनुदान उपलब्ध गराउनु , त्यहाँ कार्यरत सञ्चारकर्मीहरुलाई अनिवार्य रुपमा अनुमति लिन *(accreditation)* बाध्य गराउनु तथा दर्ता नगरी सञ्चालन हुनै नदिने गरी अवरोध सिर्जना गर्ने उद्देश्यले नियमन गर्न खोज्नु निमन्त्रणमुखी सोच मात्र हो।
- नेपाल सरकारले सरोकारवालको व्यापक विरोध रहँदा रहँदै अनलाइन सञ्चारमाध्यमलाई दर्ता नवीकरण र सञ्चालन व्यवस्थित गर्ने नाममा विचार र अभिव्यक्ति स्वतन्त्रता कुण्ठित पार्ने मनसायले पुनः अर्को निर्देशिका जारी गरेको छ। अनलाइन सञ्चारमाध्यमलाई व्यवस्थापन सञ्चालन गर्ने क्षेत्राधिकार नै नभएको, विशुद्ध सरकारी सेवाप्रदायक कार्यालयका कामकारवाही व्यवस्थापन-सञ्चालन गर्ने प्रयोजनले बनेको सुशासन (ब्यबस्था तथा सञ्चालन) ऐन २०६४ को व्यवस्थालाई आधार मानेर जारी निर्देशिका कानुनको प्राकृतिक मान्यतालेनै खारेजभागी छ त्यसैले खारेज गरिनुपर्छ।
- मूलतः यो निर्देशिका गलत आधारमा प्रतिगामी प्राबधानसहित बनेको तथा अभिब्यक्ति स्वतन्त्रताका अन्तराष्ट्रिय मान्यता र संबैधानिक प्रावधानलाई बेवास्ता गर्दै आएकोले र न्यायिक हिसाबले समेत स्वतः खारेजभागी छ। यसै सन्दर्भमा हाल अदालतमा समेत यसको खारेजी माग गर्दै न्यायीक उपचारका लागि निबेदन परिसकेकोले अदालतद्धारा नै खारेज गराउने अभियानलाई फलिभुत गराउन सबै सरोकारवालाको शसक्त नागरिक पहल जरुरी छ।
- यस अलावा नेपाल सरकारले जारी गरेको निर्देशिका भएकोले प्रधानमन्त्री तथा मन्त्रीपरिषद कार्यालय तथा सम्बन्धित मन्त्रालयमार्फत यसलाई खारेज गराउन अनलाईन सञ्चारमाध्यम, र अभिब्यक्ति स्वतन्त्रताका लागि कार्यरत सम्बद्ध सबै सरोकारवाला निकाय तथा नागरिक संगठन र अभियन्ताको सामुहिक प्रयत्न अघि बढाउन अत्यावश्यक छ।
- अनलाइन सञ्चारमाध्यमलाई नियमन गर्न आवश्यक भए संवैधानिक व्यवस्था तथा विद्यमान सञ्चार कानुन तथा नितिका विविध पक्ष र अनलाइन सञ्चारका प्राविधिक/व्यवहारिक पक्षलाई ख्याल गर्दै सार्वभौम संसद मार्फत नयाँ सञ्चार कानुन निर्माणको प्रक्रियातर्फ लाग्न जरुरी छ। अनलाइन

सञ्चार माध्यमलाई हालै जारी राष्ट्रिय आमसञ्चार निति तथा यसको कार्यान्वयनका लागि बनेको सुझाव समिति र यसले मस्यौदा गर्न लागेका सञ्चार सम्बद्ध कानूनकोसमेत हिस्सा बनाईनुपर्छ। यसलाई दिगो रुपमा सम्बोधन गर्न विभिन्न राजनितिक दल, सम्बन्धित संसदीय समिति तथा संसद सदस्यहरुसंगको संवादमार्फत ध्यानाकर्षण गराउन जरुरी छ।

समाप्त

# भाग ५

## नेपाल सरकार

## सूचना तथा सञ्चार मन्त्रालयको सूचना

## अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३

प्रस्तावना : अनलाइन सञ्चारमाध्यमको दर्ता, नवीकरण र सञ्चालनलाई व्यवस्थित गर्न आवश्यक भएकोले सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका जारी गरेको छ ।

परिच्छेद-१

संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस निर्देशिकाको नाम "अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अनलाइन पत्रकारिता" भन्नाले इन्टरनेटमा आधारित प्रविधिको प्रयोग गरी समाचार, सूचना, विचार, तस्वीर वा श्रव्यदृश्य लगायतका समाचारमूलक वा जानकारीमूलक सामग्रीहरुको उत्पादन, प्रकाशन, प्रसारण वा वितरणको प्रयोजनका लागि समाचार लेखन, सूचना तथा दृश्य सङ्कलन एवम् सम्पादन सम्बन्धी प्राविधिक कार्य सम्झनु पर्छ ।

(ख) "अनलाइन सञ्चारमाध्यम" भन्नाले प्रचलित कानून बमोजिम स्थापना वा दर्ता भई पत्रकारिता र सम्पादकीय सिद्धान्त अङ्गिकार गरी इन्टरनेटको माध्यममा सङ्केत, चिन्ह, अक्षर, आवाज, ग्राफिक्स, गीत, सङ्गीत, भिडियो, एनिमेशन तथा विभिन्न बहुमाध्यम (मल्टिमिडिया) को प्रयोग गरी सन्देशमूलक वा विषयगत विचार, सूचना तथा समाचार, तस्वीर, श्रव्यदृश्यको रुपमा उत्पादन, प्रकाशन,

प्रसारण वा वितरण गर्ने विधि, प्रक्रिया र माध्यम सम्झनु पर्छ ।

(ग) "काउन्सिल" भन्नाले प्रेस काउन्सिल सम्झनु पर्छ ।

(घ) "प्रेस रजिष्ट्रार" भन्नाले नेपाल सरकारले तोकेको प्रेस रजिष्ट्रार सम्झनु पर्छ ।

(ङ) "विभाग" भन्नाले सूचना विभाग सम्झनु पर्छ ।

## परिच्छेद-२
## दर्ता सम्बन्धी व्यवस्था

३. दर्ता र सञ्चालन: (१) यो निर्देशिका प्रारम्भ भएपछि अनलाइन सञ्चारमाध्यम मार्फत् अनलाइन पत्रकारिता गर्न चाहने व्यक्ति वा संस्थाले सञ्चारमाध्यम दर्ताको लागि अनुसूची-१ बमोजिमको ढाँचामा विभागमा दरखास्त दिनु पर्नेछ ।

(२) यो निर्देशिका प्रारम्भ हुनु अघि सञ्चालनमा रहेका अनलाइन सञ्चारमाध्यमले दर्ताको लागि यो निर्देशिका लागू भएको साठी दिनभित्र विभागमा दरखास्त दिनु पर्नेछ ।

(३) सरकारी वा निजी सबै प्रकारका छापा वा विद्युतीय सञ्चारमाध्यम (रेडियो, टेलिभिजन समेत) ले अनलाइन सञ्चारमाध्यम मार्फत अनलाइन पत्रकारिता गर्न चाहेमा दर्ताको लागि उपदफा (२) बमोजिमको अवधिभित्र विभागमा दरखास्त दिनु पर्नेछ ।

(४) यस निर्देशिका बमोजिम दर्ता नभई अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्न पाइने छैन ।

४. दर्ता प्रक्रिया: अनलाइन सञ्चारमाध्यम मार्फत अनलाइन पत्रकारिता सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले दर्ताको लागि दफा ३ बमोजिम दरखास्त दिँदा देहायका कागजात संलग्न गर्नु पर्नेछ :-

(क) संस्था भएमा संस्था दर्ता प्रमाणपत्र, प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि,

(ख) व्यक्ति वा संस्थाको सञ्चालक तथा सम्पादकको नाम, थर, ठेगाना, फोन नम्बर, मोबाईल नम्बर र नागरिकताको प्रतिलिपि,

(ग) व्यक्ति वा संस्थाको स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर प्रमाणपत्रको प्रतिलिपि,

(घ) संस्था भएमा सञ्चालकले अनलाइन सञ्चारमाध्यम मार्फत पत्रकारिता सञ्चालन गर्ने निर्णय गरेको माइन्यूटको प्रतिलिपि, र

(ङ) वेबसाइट डोमेन दर्ता वा नवीकरण गरेको प्रमाणको प्रतिलिपि ।

५. दर्ता प्रमाणपत्र: (१) दफा ३ बमोजिम अनलाइन सञ्चारमाध्यम दर्ताको लागि कुनै दरखास्त पर्न आएमा विभागले त्यस्तो दरखास्त उपर आवश्यक जाँचबुझ गर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तको व्यहोरा मनासिब देखेमा विभागले सम्बन्धित व्यक्ति वा संस्थालाई अनुसूची-२ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र दिनेछ ।

## परिच्छेद-३
## नवीकरण तथा जनशक्ति सम्बन्धी व्यवस्था

६. नवीकरण: (१) दफा ५ बमोजिम दर्ता भएका अनलाइन सञ्चारमाध्यमले प्रत्येक वर्षको असार मसान्तभित्र विभागमा नवीकरण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नवीकरण गराउँदा विभागले तोकेको ढाँचामा अघिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्र तथा लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको म्यादभित्र नवीकरण नगराउने अनलाइन सञ्चारमाध्यमको सेवा प्रचलित कानून बमोजिम रोक लगाउन सकिनेछ ।

७. जनशक्ति सम्बन्धी व्यवस्था: अनलाइन सञ्चारमाध्यम दर्ता वा नवीकरण गर्दा अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्न आवश्यक पर्ने सम्पादक, पत्रकार, व्यवस्थापक, कर्मचारी र कामदारको तहगत दरबन्दी सहित श्रमजीवी पत्रकार ऐन, २०५१ अनुसार तोकिएको न्यूनतम पारिश्रमिक तथा सेवाका अन्य शर्तहरु लागू भएको विवरण अद्यावधिक गरी विभाग र प्रेस रजिष्ट्रार समक्ष बुझाउनु पर्नेछ ।

८. प्रेस प्रतिनिधि परिचयपत्र: अनलाइन सञ्चारमाध्यममा काम गर्ने पत्रकारले विभागबाट प्रचलित कानून बमोजिम प्रेस प्रतिनिधि परिचयपत्र लिनु पर्नेछ ।

## परिच्छेद-४
## आचरण सम्बन्धी व्यवस्था

९. विवरण राख्नु पर्ने : अनलाइन सञ्चारमाध्यमले देहायका विवरण आफ्नो वेबसाइटको मुख्यपृष्ठ (होमपेज) मा राख्नु पर्नेछ :-

(क) विभागबाट प्राप्त दर्ता नम्बर, आर्थिक वर्ष, सञ्चालकको नाम, ठेगाना, सम्पर्क फोन नम्बर,

(ख) सञ्चालक, सम्पादक र समाचार प्रमुखको नाम ।

१०. प्रकाशन तथा प्रसारण गर्न नपाईने : अनलाइन सञ्चारमाध्यममा देहायका सामाग्री प्रकाशन तथा प्रसारण गर्न पाइने छैन:-

(क) नेपालको संविधान र प्रचलित कानून बमोजिम प्रकाशन वा प्रसारण गर्न नहुने सामाग्री,

(ख) पत्रकार आचारसंहिता विपरीत हुने सामाग्री ।

११. प्रकाशित सामग्रीको जिम्मेवारी रहने: कसैले कुनै सामाग्री आफ्नो अनलाइन सञ्चारमाध्यम मार्फत प्रकाशन वा प्रसारण गरेमा त्यस्तो सामाग्री प्रति त्यसरी प्रकाशन वा प्रसारण गर्ने अनलाइन सञ्चारमाध्यम पूर्णरुपमा जिम्मेवार हुनेछ ।

१२. सामाग्री सुरक्षित राख्नुपर्ने : अनलाइन सञ्चारमाध्यममा प्रकाशित सामाग्री सुरक्षित राख्नु अनलाइन सञ्चालकको दायित्व हुनेछ ।

१३. त्रुटि सच्याउने : अनलाइन सञ्चारमाध्यमले आफूले प्रकाशन वा प्रसारण गरेको सामाग्रीमा कुनै त्रुटि फेला परेमा त्यस्तो त्रुटि तत्काल सच्याउनु पर्नेछ ।

१४. पत्रकार आचार संहिता पालना गर्नुपर्ने : अनलाइन सञ्चारमाध्यम सञ्चालन गर्ने सञ्चालक, सम्पादक र पत्रकारले प्रचलित कानून तथा काउन्सिलद्वारा जारी पत्रकार आचारसंहिता पालना गर्नु पर्नेछ ।

## परिच्छेद-५
## अनुगमन सम्बन्धी व्यवस्था

१५. अभिलेख: (१) यस निर्देशिका बमोजिम दर्ता भएका अनलाइन सञ्चारमाध्यमको अभिलेख काउन्सिलले राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेख राख्ने प्रयोजनका लागि काउन्सिलले विभागसँग आवश्यक विवरण माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम काउन्सिलले माग गरेको विवरण विभागले उपलब्ध गराउनु पर्नेछ ।

१६. <u>अनुगमन तथा निरीक्षण</u>: (१) अनलाइन सञ्चारमाध्यमले प्रचलित कानून र यस निर्देशिकाको पालना गरे नगरेको सम्बन्धमा विभागले अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

(२) अनलाइन सञ्चारमाध्यमले पत्रकार आचारसंहिता पालना गरे नगरेको सम्बन्धमा काउन्सिलले अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

(३) विभाग वा काउन्सिलले उपदफा (१) वा (२) बमोजिमको अनुगमन तथा निरीक्षण गर्दा आवश्यक सहयोग उपलब्ध गराउनु सम्बन्धित अनलाइन सञ्चारमाध्यमका सञ्चालक, सम्पादक, प्रकाशक वा संस्थाको कर्तव्य हुनेछ ।

१७. <u>सुविधा नदिइने</u> : कुनै अनलाइन सञ्चारमाध्यमले यस निर्देशिका बमोजिम दर्ता वा नवीकरण नगरेमा वा पत्रकार आचारसंहिता उल्लङ्घन गरेमा त्यस्तो सञ्चारमाध्यमलाई नेपाल सरकारबाट दिइने सुविधा रोक्न सकिनेछ ।

१८. <u>विदेशबाट प्रकाशित अनलाइन न्यूज पोर्टल</u> : (१) विदेशबाट प्रकाशन वा प्रसारण हुने अनलाइन न्यूज पोर्टलमा प्रकाशित वा प्रसारित कुनै सामाग्री दफा १० को खण्ड (क) विपरीत रहेको कुरा कुनै स्रोतबाट जानकारी भएमा त्यस्तो प्रकाशित वा प्रसारित सामाग्रीलाई नेपालभित्र प्रकाशन वा प्रसारण हुन नसक्ने व्यवस्थाको लागि काउन्सिलले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम काउन्सिलबाट लेखी आएमा सम्बन्धित निकायले त्यस्तो सामाग्रीलाई नेपालभित्र प्रकाशन वा प्रसारण हुन नसक्ने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

## परिच्छेद-६
## <u>विविध</u>

१९ <u>निवेदन दिन सकिने</u> : (१) कुनै अनलाइन सञ्चारमाध्यमबाट प्रकाशित वा प्रसारित सामाग्रीबाट कसैलाई कुनै किसिमको मर्का परेमा वा गुनासो भएमा सम्बन्धित व्यक्तिले त्यस्तो सामाग्री र सोसँग सम्बन्धित प्रमाण संलग्न राखी काउन्सिलमा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको निवेदन उपर काउन्सिलले आवश्यक छानबिन गर्नेछ । त्यसरी छानबिन गर्दा काउन्सिलले मागेका आवश्यक सूचना सम्बन्धित अनलाइन सञ्चारमाध्यमले उपलव्ध गराउनु पर्नेछ ।

(३) अनलाइन सञ्चारमाध्यममा प्रकाशित वा प्रसारित कुनै समाचार, सूचना वा सामाग्रीबाट मर्का पर्ने पक्षले पठाएको खण्डन सोही अनलाइन सञ्चारमाध्यमले उच्च महत्व दिई यथाशीघ्र प्रकाशन वा प्रसारण गर्नु पर्नेछ ।

२०. <u>निःशुल्क सहयोग गर्नुपर्ने</u> : विपद् वा सङ्कटग्रस्त अवस्थामा अनलाइन सञ्चारमाध्यमले नेपाल सरकारबाट जारी हुने सूचना, विज्ञप्ति वा जनचेतनामूलक सामाग्री निःशुल्क प्रकाशन वा प्रसारण गरी सहयोग गर्नु पर्नेछ ।

२१. <u>जानकारी दिनु पर्ने</u> : यस निर्देशिका बमोजिम दर्ता भएको अनलाइन सञ्चारमाध्यम कुनै कारणले बन्द भएमा वा सञ्चालन हुन नसकेमा त्यसको जानकारी विभागलाई दिनु पर्नेछ ।

२२. <u>खारेजी र बचाउ</u> : (१) अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३ खारेज गरिएको छ ।

(२) अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३ बमोजिम भए गरेका काम कारबाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

# अनूसुची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

## अनलाइन सञ्चारमाध्यम दर्ता गर्नका लागि

## दरखास्त

श्रीमान् महानिर्देशकज्यू,

सूचना विभाग,

काठमाडौं ।

निम्न विवरणको अनलाइन सञ्चारमाध्यम मार्फत अनलाइन पत्रकारिता गर्न अनुमतिको लागि निम्न विवरणहरु खुलाई दुई प्रति फोटो र रु १०।- को टिकट टाँसी यो दरखास्त पेश गरेको छु/छौं :-

१. अनलाइन सञ्चारमाध्यम/अनलाइन पत्रिकाको विवरण :
   (क) नाम :-
   (ख) मेन डोमेन :-
   (ग) भाषा :-

२. कार्यालय रहने स्थान :-

३. सञ्चालकहरुको नाम, थर, ठेगाना र सम्पर्क फोन नं. :

४. सम्पादकको नाम, थर, ठेगाना र सम्पर्क फोन नं. :

५. स्थायी लेखा नं. वा मूल्य अभिवृद्धि कर नं. :

६. अन्य विवरण :

दरखास्तवालाको,-

सही :-

नाम, थर :-

ठेगाना :-

सम्पर्क नं. :-

अनूसुची-२
(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)
दर्ता प्रमाणपत्र

फोटो

सि. नं.
दर्ता प्रमाणपत्र नं :
श्री........................
.......................

तपाई/तपाईहरुलाई निम्न विवरणको अनलाइन सञ्चारमाध्यम मार्फत अनलाइन पत्रकारिता गर्नको लागि यो प्रमाणपत्र दिइएको छ ।

१. अनलाइन सञ्चारमाध्यमको विवरण :
(क) नाम :-
(ख) डोमेन :-
(ग) भाषा :-
२. कार्यालय रहने स्थान :-
३. सञ्चालकको नाम, थर, ठेगाना, र सम्पर्क फोन नं. :
४. सम्पादकको नाम, थर, ठेगाना, र सम्पर्क फोन नं. :
५. स्थायी लेखा नं. वा मूल्य अभिवृद्धि कर नं. :
६. अन्य विवरण :

प्रमाणपत्र जारी गर्नेको,-
कार्यालयको छाप
सही :-
नाम, थर :-
दर्जा :-
मिति :-

नवीकरण सम्बन्धी विवरण

| क्र.सं | नवीकरण गरेको मिति | नवीकरण कायम रहने मिति | नवीकरण गर्नेको दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**आज्ञाले,**
**महेन्द्रमान गुरुङ्ग**
**नेपाल सरकारको सचिव**